# लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

## विशेष साधारण सभाको

काम कारवाहीको विवरण (माईन्यूट)

१. **प्रारम्भिकः**

मिति २०७९ पौष ८ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा कम्पनीका संचालक समितिका सदस्य श्री बी.सी. पटनयाक ज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो।

२. **सभा भएको मिति, स्थान र समयः**

मितिः २०७९ साल माघ ३ गते मंगलबार (तदनुसार १७ जनवरी २०२३)

स्थानः लिसारा रिसेप्सन, नक्साल, काठमाण्डौ।

समयः विहान ११.०० बजे प्रारम्भ भई अपरान्ह १२.१५ बजे सम्पन्न।

३. **सभाको सूचनाः**

यस कम्पनीको विशेष साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार प्रथम पटक २०७९ पुस १७ गतेको नयाँ पत्रिका दैनिक र दोस्रोपटक २०७९ पुस २४ गतेको राजधानी दैनिक पत्रिका र यस कम्पनीको वेभसाइटमा सभा हुने मिति, स्थान, समय र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

४. **छलफल गरिएका विषय सूचिः**

(क) विशेष प्रस्तावहरुः

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम भएको चुक्ता पूँजी रू २,६५,३२,००,०००/- (रू. दुई अर्ब पैसठ्ठी करोड बत्तिस लाख) को ८८.४५१६८ % (प्रतिशत) ले हुने अर्थात १: ०.८८४५१६८ को अनुपातले हुने रू. २,३४,६८,००,०००/- (रू. दुई अर्ब चौंतिस करोड अठ्सठ्ठी लाख) बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।

(२) विशेष प्रस्ताव नं. १ बमोजिम हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु संसोधन गर्ने प्रस्ताव पारित गर्ने।

(३) कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायतका अन्य बिभिन्न नियमनकारी निकायहरू आदि) ले आवश्यक संसोधन, परिमार्जन, थपघट तथा भाषिक संसोधन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संसोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ख) विविध ।

५. उपस्थितिः

५.१ सञ्चालकहरुको उपस्थितिः

| | | | |
|---|---|---|---|
| क) | श्री बी.सी. पटनायक | - | सञ्चालक, सभाध्यक्ष (ZOOM मार्फत) |
| ख) | श्री अशोक कुमार अग्रवाल | - | सञ्चालक |
| ग) | श्री प्रविन कुमार मोलरी | - | सञ्चालक (ZOOM मार्फत) |
| घ) | श्री लक्ष्मी प्रसाद दास | - | सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत |
| ङ) | श्रीमती कोमल अग्रवाल | - | संचालक |

५.२ कम्पनी पदाधिकारीको उपस्थितिः

| | | | |
|---|---|---|---|
| क) | श्री टी. बर्णवाल | - | नायब प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री संजीव कुमार अग्रवाल | - | प्रबन्धक |
| ग) | श्री सुदर्शन गिरी | - | कम्पनी सचिव |
| घ) | श्रीमती ममता पौडेल | - | प्रमुख - मार्केटिङ्ग विभाग |
| ङ) | श्रीमती सबिना श्रेष्ठ | - | प्रमुख - अण्डरराइटिङ विभाग |
| च) | श्री प्रकाशभक्त उपाध्याय | - | प्रमुख - पोलिसी सर्भिसिङ विभाग |
| छ) | श्री बिकेश महर्जन | - | प्रमुख - लेखा विभाग |

साथै स्थानीय शाखा कार्यालयहरुका प्रमुखहरु र कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको ।

५.३ नियमनकारी निकायः

क) श्री अर्जुन खड्का - उप-रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

६. **शेयरधनीहरुको उपस्थितिः**

भौतिक रुपमा उपस्थित संख्याः १३२



Life Insurance Corporation (Nepal) Ltd.

७. गणपुरक संख्या एवं बैधानिकताः

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | १६,३१४ जना | १३२ | ८०.१६५३ % |
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | २,६५,३२,००० कित्ता | २,१२,६९,४६० कित्ता | |

कम्पनी सचिव श्री सुदर्शन गिरीले सभाको प्रारम्भमा सभास्थलमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा आगन्तुकहरुमा हार्दिक स्वागत तथा उच्च सम्मान व्यक्त गर्नुभयो। तत्पश्चात यो साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो।

८. सभाको अध्यक्षता र सभा सञ्चालनः

कम्पनीको विशेष साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५(ग) बमोजिम सञ्चालक श्री बी.सी पटनायक ज्यूले गर्नुभयो। प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री बी.सी. पटनायकज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो।

९. शभाध्यक्ष ज्यूको मन्तव्यः

सभामा मन्तव्य प्रस्तुत गर्न अध्यक्षज्यूलाई अनुरोध गरिएपछि अध्यक्ष श्री बी.सी. पटनायक ज्यूले अंग्रेजी भाषामार्फत् सभामा मन्तव्य प्रस्तुत गर्नुभयो।

१०. छलफलका लागि आह्वानः

अध्यक्षज्यूद्वारा प्रस्तुत मन्तव्य र हकप्रद शेयर जारी गर्ने सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो। यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो।

(क) श्री सत्रुघन श्रेष्ठ
(ख) श्री सुदिप श्रेष्ठ
(ग) श्री डमरुबल्लभ घिमिरे
(घ) श्री शिव प्रसाद पौडेल
(ङ) श्री महेन्द्र बहादुर श्रेष्ठ
(च) श्री उद्वव प्रसाद घिमिरे

११. **शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको जिज्ञासा एवं सुझावहरुको सारांश:**

छलफलको क्रममा सहभागी शेयरधनी महानुभावहरुले वर्तमान समयमा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. ले कसैसँग गाभिने सम्झौता नगरी स्यवं हकप्रद शेयर जारी गरी आवश्यक पूँजीको व्यवस्था गर्न लागेकोमा खुशी लागेको र यसले कम्पनीको पूँजी वृद्धि भई व्यवसायीक आकारमा वृद्धि हुन गई लगानीकर्ताहरूलाई उत्कृष्ट प्रतिफल दिन सक्ने देखिएकोले हकप्रद शेयर जारी गर्ने कार्यको प्रशंसा गर्नुभयो। त्यसै गरी आगामी वार्षिक साधारण शभा कहिले हुने हो भनी संचालक समिति र व्यवस्थापनललाई प्रश्न गर्दै यस बारेमा यथाशक्य चाँडो निर्णय गर्न आग्रह गर्नु भयो। पूँजी वृद्धि पछि कम्पनीले व्यापारका नयाँ क्षेत्रहरू पहिचान गर्नुपर्ने र शेयरधनीहरुको सुझावलाई अवलम्बन गर्दै कम्पनीलाई व्यवसायिक हिसावले नयाँ उँचाइमा पुऱ्याउन अनुरोध गर्नु भयो।

१२. **शेयरधनीहरुको प्रश्न र जिज्ञासाप्रति जवाफ:**

शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिने क्रममा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.का कार्यकारी अधिकृत तथा निर्देशक श्री लक्ष्मी प्रसाद दास ज्यूले शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रियाहरूलाई ग्रहण गरिएको र सोही मुताबिक व्यवसाय संचालन गरिने प्रतिबद्दता व्यक्त गर्नुभयो।

त्यसै गरी श्री दासले बीमाङ्कीय मूल्यांकनमा हुन गएको ढीलाईको कारण वार्षिक साधारण सभा निर्धारित समय सीमा भित्र हुन नसकेको र सो मूल्यांकन प्रतिवेदन एवं आर्थिक विवरण प्रतिवेदन नियामक निकायहरुबाट स्वीकृत भएपछि आगामी वार्षिक साधारण सभा बोलाईने जानकारी गराउनु भयो।

१३. **सभाको निर्णय:**

(क) **विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरू:**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम भएको चुक्ता पूँजी रू २,६५,३२,००,०००/- (रू. दुई अर्ब पैसठ्ठी करोड बत्तिस लाख) को ८८.४५१६८ % (प्रतिशत) ले हुने अर्थात १: ०.८८४५१६८ को अनुपातले हुने रू. २,३४,६८,००,०००/- (रू. दुई अर्ब चौंतिस करोड अठ्सठ्ठी लाख) बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिका साथ पारित गरियो।

(२) विशेष प्रस्ताव नं. १ बमोजिम हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु संसोधन गर्ने प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गरियो।

(३) कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायतका अन्य बिभिन्न नियमनकारी निकायहरू आदि) ले आवश्यक संसोधन, परिमार्जन, थपघट तथा भाषिक संसोधन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संसोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गरियो।

(ख) विविध अन्तर्गत कुनै विषय नरहेको जानकारी गराइयो।

१४. **धन्यवाद ज्ञापन र बिसर्जनः**

अन्त्यमा, सभाध्यक्ष श्री बी.सी. पटनायकज्यूले शभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को विशेष साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै अपरान्ह १२.१५ बजे सभाको बिसर्जन गर्नुभयो।

| | |
|---|---|
| ............ | ............ |
| श्री सुदर्शन गिरी | श्री बी.सी. पटनायक |
| (कम्पनी सचिव) | (संचालक/सभाध्यक्ष) |

Life Insurance Corporation (Nepal) Ltd.